नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग

५५४४७२६
५५२५७३३
५५२२०५६
५५४४७२७
५५२५४७९

फ्याक्स - ५५४२९१५
ईमेल: dgdls@ntc.net.np

हरिहरभवन, पुल्चोक
ललितपुर ।

पत्र संख्या :-

चलानी नं. :-

## लम्पी स्किन रोग सम्बन्धी प्रेस विज्ञप्ति

२०८० श्रावण २४

लम्पी स्किन गाईभैंसीमा भाइरसबाट लाग्ने संक्रामक रोग हो। यो रोग लामखुट्टे, डाँस, भसुना, किर्ना लगायतका टोक्ने किराको टोकाइबाट र सङ्क्रमित पशुको प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा सर्ने गर्दछ। यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, दाना पानी कम खाने, दूध उत्पादन घट्ने, छालामा गोलो गिर्खा/गाँठाहरू देखिने, न्याल, सिंगान बग्ने, चिप्रा/कचेरा लाग्ने, खुट्टा/जोर्नी सुन्निने जस्ता लक्षणहरू देखिन्छन्।

वि.सं. २०७९ सालको चैत्र महिनादेखि कोशी प्रदेशबाट रोगको प्रकोप शुरू भई हालसम्म ७७ जिल्लामा रोग पुष्टि भएकोमा मनाङ र मुस्ताङ जिल्लाहरूमा यो रोग पूर्ण रूपमा नियन्त्रणमा आइसकेको छ। यस रोगबाट कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र कोशी प्रदेशका मध्य पहाडी तथा पहाडी क्षेत्रमा रहेका पशुहरू बढी प्रभावित भएकोमा प्रदेशहरूबाट प्राप्त पछिल्लो जानकारी अनुसार यो रोग पहाडी जिल्लाहरूमा क्रमशः घट्दो क्रममा रहेको र मधेश तथा बागमती प्रदेशका केही जिल्लाहरूमा यो रोगको संक्रमण देखा परिरहेको छ। प्रदेशहरूबाट पालिकास्तरमा समन्वय गरी तथ्याङ्क अद्यावधिक गर्ने कार्य भइरहेको र यस क्रममा विगतमा सङ्क्रमण भएका तथा रिपोर्टिङमा छुट भएका तथा दोहोरो गणना गरी रिपोर्टिङ भएका तथ्याङ्कलाई अद्यावधिक गरी पठाइएको पछिल्लो रिपोर्टिङको आधारमा हालसम्म संक्रमित १३ लाख ५ हजार ३ सय ६१ पशुवस्तुमध्ये १० लाख ८२ हजार १५९ निको भइसकेका छन् भने ४७ हजार ६४९ पशु मरेको तथ्याङ्क प्राप्त भएको छ। हाल १ लाख ७५ हजार ५५३ पशु सक्रिय सङ्क्रमित छन् र सङ्क्रमणको दर क्रमशः घट्दै गएको छ। यस क्रममा हालसम्म १३ लाख ६९ हजार डोज खोप आयात भई सातवटै प्रदेशका विभिन्न जिल्लाहरूमा ४ लाख ४५ हजार ९४५ पशुहरूमा खोप कार्य सम्पन्न भएको छ।

देशमा देखापरेको लम्पी स्किन रोगको प्रकोप रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा मिति २०८० श्रावण १५ गते सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको समुपस्थितिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री बेदुराम भुसाल, सम्बद्ध सचिवज्यूहरू तथा पदाधिकारीहरूको वैठकबाट विगतमा छिमेकी मुलुकहरूमा फैलिएको लम्पी स्किन रोग नियन्त्रण गर्न अवलम्बन गरिएका अनुभवहरू समेतलाई आत्मसात् गर्दै लम्पी स्किन रोग लगायतका अन्य सीमाविहिन पशुपन्छीका रोगहरूको नियन्त्रण गर्न सतर्कता अपनाई पूर्व तयारी सहितको प्रतिकार्य योजना कार्यान्वयन गर्ने, विश्व पशु स्वास्थ्य संगठनले लम्पी स्किन रोग रोकथाम तथा नियन्त्रणका लागि सिफारिस गरेका तथा छिमेकी मुलुकहरूमा समेत प्रयोग गरिएका खोप प्रकोप नियन्त्रणका लागि प्रयोगमा ल्याउने, लम्पी स्किन रोगको दीर्घकालिन नियन्त्रण गर्न स्वदेशमै खोप

नेपाल सरकार
कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय
# पशु सेवा विभाग

☎ ५५४४७२६
५५२५७३३
५५२२०५६
५५४४७२७
५५२५४७९

फ्याक्स - ५५४२९१५
ईमेल: dgdls@ntc.net.np

हरिहरभवन, पुल्चोक
ललितपुर ।

पत्र संख्या :-

चलानी नं. :-

उत्पादन गर्न आवश्यक तयारी गर्ने तथा रोगबाट प्रभावित कृषकहरूलाई राहत सुविधा उपलब्ध गराउने निर्णय भएको छ। सोही बमोजिम यो रोग नियन्त्रण सम्बन्धी कार्ययोजना तयार गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा पेश गरिएको छ भने प्रभावित किसानहरूलाई राहत प्रदान गर्ने सम्बन्धी मापदण्ड तयारीको क्रममा रहेको छ। त्यसै गरी नेपालमा नै खोप उत्पादन गर्न आवश्यक मास्टर सिड भाइरस र खोप उत्पादन प्रविधि उपलब्धताको लागि विभिन्न मुलुक तथा दातृ निकायसँग समन्वय समेत गरिएको छ।

लम्पी स्किन रोगको हालको प्रकोप नियन्त्रणका लागि नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य क्षेत्रका विज्ञ प्राविधिकहरू समेतको उपस्थितिमा पशु सेवा विभागमा गरिएको छलफलबाट नेपालका छिमेकी मुलुकहरूमा रोग नियन्त्रणको लागि प्रयोग गरिएको र विश्व पशु स्वास्थ्य संगठनले प्रकोप नियन्त्रणको लागि वैकल्पिक उपायको रूपमा सिफारिस गरेको गोट पक्स खोप प्रयोग गर्न सकिने विकल्प सिफारिस भए अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पशु सेवा विभागलाई यस रोग नियन्त्रणका लागि लम्पी स्किन (निथ्लिङ स्ट्रेन) खोपको अतिरिक्त गोट पक्स खोप आयात र प्रयोग गर्न सहमति प्राप्त भएको छ।

यो रोग नियन्त्रणका लागि पशु सेवा विभाग र मातहतका निकाय, प्रदेश सरकार मातहतका निकाय तथा स्थानीय तहमा कार्यरत पशु स्वास्थ्यकर्मीहरू परिचालित रहेका छन्। पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना सहित प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी प्रभावकारी रूपमा रोग नियन्त्रण कार्य सञ्चालन गर्न सहसचिवको नेतृत्वमा टोली परिचालन गरिएको थियो। रोग फैलिएको क्षेत्रमा रोग अन्वेषण, उपचार र प्राविधिक सल्लाहका लागि प्रदेशसँग समन्वय गरी प्राविधिक टोली परिचालन गरिएको छ। यस क्रममा अन्य सरकारी निकाय, निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्यकर्मी लगायतका सरोकारवालासँग समन्वय गरी रोग रोकथाम तथा नियन्त्रणका उपायहरू अवलम्बन गरिएका छन्। यो रोगको रोकथाम तथा उपचारमा खटिने पशु स्वास्थ्यकर्मीहरूलाई प्राथमिक उपचारको जानकारी सहित सूचनामूलक सामग्री प्रकाशित र प्रसारित गरिएको छ। यस रोगको उपचार विधि र यसबारे बारम्बार सोधिने प्रश्नउत्तरको सङ्गालो तयार गरी सरोकारवालाहरूलाई जानकारी गराइएको छ। प्रदेश र स्थानीय तहमा सम्पर्क व्यक्ति (Focal person) तोकी नियमित रूपमा समन्वय गरी रिपोर्टिङ हुने व्यवस्था मिलाइएको छ। प्रदेशहरूबाट अभियानमुखी खोप कार्यक्रम सञ्चालन गरिएकोमा सङ्घीय निकायहरूबाट अनुगमन, प्राविधिक पृष्ठपोषण सहित आवश्यकतानुसार टेवा प्रदान

...कुमारी काफ्ले

नेपाल सरकार
कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय
पशु सेवा विभाग

☎ ५५४४७२६
५५२५७३३
५५२२०५६
५५४४७२७
५५२५४७९

फ्याक्स - ५५४२९१५
ईमेल: dgdls@ntc.net.np

हरिहरभवन, पुल्चोक
ललितपुर ।

पत्र संख्या :-

चलानी नं. :-

गरिएको छ। चालु आ.व. २०८०/८१ का लागि प्रत्येक स्थानीय तहमा आकस्मिक रोग नियन्त्रण गर्न सङ्घीय सशर्त अनुदानको साथै प्रदेश र स्थानीय तहबाट समेत रकम विनियोजन गरिएको छ।

यो रोगको शंका लागेमा तत्काल प्राथमिक उपचारको लागि नजिकैको पशु सेवाका निकायमा सम्पर्क राख्न र प्रदेश तथा स्थानीय तहबाट उपलब्ध भएको खोप स्वस्थ पशुहरूमा मात्र प्रयोग गर्न सम्पूर्ण कृषकहरूमा अनुरोध गर्दछौं। यस प्रकोपको नियन्त्रण कार्यमा सक्रियतापूर्वक सहयोग गर्नुहुने सम्पूर्ण कृषक, व्यवसायी, प्राविधिक, सञ्चारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै रोगको रोकथाम तथा नियन्त्रणका लागि सम्बन्धित सबै तहका सरोकारवालाहरूबाट सक्रिय सहयोग, समन्वय तथा सहकार्यका लागि पशु सेवा विभाग हार्दिक अपिल गर्दछ।

डा. सस्क्रना कुमारी काफ्ले
महानिर्देशक